# कोभिड-१९ ले अर्थतन्त्रमा पारेको प्रभावसम्बन्धी तेस्रो पुनरावृत्ति **(follow-up)** सर्वेक्षण प्रतिवेदन




**नेपाल राष्ट्र बैंक**

**आर्थिक अनुसन्धान विभाग**

मङ्सिर, २०७८

# प्राक्कथन

१. सन् २०१९ को डिसेम्बरबाट शुरु भएको कोभिड–१९ महामारीका कारण विश्व अर्थतन्त्रमा ठूलो क्षति पुग्न गयो । नेपालले पनि महामारी रोकथामका लागि २०७६ चैत ११ गतेदेखि बन्दाबन्दी लगायतका उपायहरु अवलम्वन गर्‍यो । कोभिड-१९ का कारण आर्थिक वर्ष २०७६/७७ मा नेपालको आर्थिक वृद्धि ऋणात्मक रह्यो । २०७७ सालको उत्तरार्धबाट पुनर्उत्थानउन्मुख रहेको अर्थतन्त्र २०७८ बैशाखको तेस्रो साताबाट शुरु भएको महामारीको दोस्रो चरणको रोकथामका लागि गरिएको विविध उपायहरुबाट पूनः प्रभावित हुन पुग्यो ।

२. कोभिड–१९ ले व्यवसायमा पारेको असर अध्ययन गर्न यस बैंकले २०७७ असारमा ५२ जिल्लाका ६७४ उद्योगी/व्यवसायीहरुबाट तथ्याङ्क संकलन गरी सोको प्रतिवेदन सार्वजनिक गरेको थियो । सो सर्वेक्षणले बन्दाबन्दी पश्चात औसतमा ६१ प्रतिशत उद्योग/व्यवसायहरु सञ्चालन हुन नसकेको र ४.१ प्रतिशत उद्योग/व्यवसायहरु मात्र पूर्ण रुपमा सञ्चालनमा रहेको देखाएको थियो । त्यसैगरी २०७७ मंसिरमा प्रथम र २०७८ बैशाखमा दोस्रो पुनरावृत्ति सर्वेक्षण सम्पन्न गरिएको थियो ।

३. व्यवसाय सञ्चालन सम्बन्धी पछिल्लो वस्तुस्थिति बारे २०७७ असार, २०७७ मंसिर र २०७८ बैशाखको सर्वेक्षणमा सहभागी व्यवसायीहरुबाट पुनः तथ्याङ्क संकलन गरी तुलनात्मक अध्ययन गर्न २०७८ कात्तिक ७ देखि १७ गतेसम्म तेस्रो पुनरावृत्ति सर्वेक्षण सम्पन्न गरिएको छ ।

४. पुनरावृत्ति सर्वेक्षणले २०७७ असारको सर्वेक्षणको तुलनामा उद्योग/व्यवसायको सञ्चालन स्थिति तथा उत्पादन र व्यावसायिक कारोबारमा सुधार आएको देखाएको छ । यस सर्वेक्षणले ८७.२ प्रतिशत उद्योग/व्यवसाय पूर्ण रुपमा सञ्चालनमा आएको देखाएको छ । कोभिडपूर्वको तुलनामा २०७७ असारमा २८.८ प्रतिशत मात्र रहेको उत्पादन /कारोबार स्थिति यो सर्वेक्षण सम्पन्न हुँदा ७४.७ प्रतिशत पुगेको छ भने रोजगारीको अवस्थामा समेत सुधार आई ७७.५ प्रतिशत बाट ९७.२ प्रतिशत पुगेको छ ।

५. अन्त्यमा, सर्वेक्षणलाई सफलतापूर्वक सम्पन्न गर्न मार्गदर्शन गर्नुहुने श्रीमान् गभर्नरज्यू तथा डेपुटी गभर्नरज्यूहरुप्रति धन्यवाद ज्ञापन गर्दछु । सर्वेक्षणमा पुनः सहभागी हुनु हुने उद्यमी तथा व्यवसायीहरु विशेष धन्यवादका पात्र हुनुहुन्छ । यस अध्ययनलाई सम्पन्न गर्न भुमिका निभाउनुहुने यस विभागका उप-निर्देशक सुशिल पौडेल तथा सहायक निर्देशकद्वय राम चन्द्र आचार्य र मेरिना श्रेष्ठलाई विशेष धन्यवाद दिन चाहन्छु । सर्वेक्षणका क्रममा तथ्याङ्क संकलन गरी सहयोग पुर्‍याउनु हुने एलिशा मानन्धर, रुपकमल श्रेष्ठ, पूर्ण प्रसाद भण्डारी, देवी भण्डारी, मान सिंह तामाङ्ग, ऋषि राम कोइराला, शरीष मान जोशी, सोनी अधिकारी, लक्ष्मण खतिवडा तथा कुशल ढकाललाई धन्यवाद दिन चाहन्छु । सर्वेक्षणबाट प्राप्त सूचना एवम् जानकारी सम्बद्ध सबैका लागि उपयोगी हुने विश्वास गरेको छु ।

डा. प्रकाश कुमार श्रेष्ठ
कार्यकारी निर्देशक

# विषयसूची

**प्राक्कथन**

क. सर्वेक्षणको परिचय ........................................ १

ख. अघिल्लो सर्वेक्षणहरुको संक्षिप्त पूनरावलोकन ........................................ १

ख. सर्वेक्षण विधि र संरचना ........................................ २

ग. सर्वेक्षणको नतिजा ........................................ ३

घ. निष्कर्ष ........................................ ८

**अनुसूचीहरु** ........................................ ९

# तालिका तथा चार्टहरु


तालिका १ : औद्योगिक वर्गीकरण अनुसार नमुना संख्या (प्रतिशत) २

तालिका २ : उद्योग/व्यवसायको आकारअनुसार नमुना संख्या (प्रतिशत) २

तालिका ३ : औद्योगिक वर्गीकरणअनुसार कोभिड महामारी अगाडि २०७६ फागुनको तुलनामा व्यवसाय सञ्चालनको अवस्था (प्रतिशत) ३

तालिका ४ : उद्योग/व्यवसायको आकारअनुसार कोभिड महामारी अगाडि २०७६ फागुनको तुलनामा व्यवसाय सञ्चालनको अवस्था (प्रतिशत) ४

तालिका ५ : औद्योगिक वर्गीकरणअनुसार कोभिड महामारी अगाडि २०७६ फागुनको तुलनामा उत्पादन/कारोबारको अवस्था (प्रतिशत) ४

तलिका ६ : उद्योग/व्यवसायको आकारअनुसार कोभिड महामारी अगाडि २०७६ फागुनको तुलनामा उत्पादन/कारोबारको अवस्था (प्रतिशत) ५

तालिका ७ : उद्योग/व्यवसायको आकारअनुसार कोभिड महामारी अगाडि २०७६ फागुनको तुलनामा रोजगारीको अवस्था (प्रतिशत) ५

तालिका ८ : औद्योगिक वर्गीकरणअनुसार कोभिड महामारी अगाडि २०७६ फागुनको तुलनामा औसत तलब–ज्याला खर्च (प्रतिशत) ६

तालिका ९ : उद्योग/व्यवसायको आकारअनुसार कोभिड महामारी अगाडि २०७६ फागुनको तुलनामा औसत तलब–ज्याला खर्च (प्रतिशत) ६

तालिका १० : उद्योग/व्यवसायहरुले भोगेका समस्याहरु ७

## क. सर्वेक्षणको परिचय

१. कोभिड-१९ संक्रमण रोकथाम र नियन्त्रण गर्न २०७६ चैत ११ गतेदेखि अवलम्बन गरिएको बन्दाबन्दी लगायतका उपायहरुका कारण आर्थिक क्रियाकलापहरु प्रभावित हुन पुगे । संक्रमण रोकथामका लागि अपनाइएका गैर स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डहरुलाई क्रमशः खुकुलो बनाउँदै लगिएसँगै २०७७ को उत्तरार्धबाट आर्थिक गतिविधि सञ्चालनमा सहजता आएको थियो । तर २०७८ बैशाखमा उक्त संक्रमणको दोस्रो लहर शुरु भएसँगै गरिएको संक्रमण रोकथाम र नियन्त्रण विविध उपायका कारण आर्थिक क्रियाकलापहरु पुनः प्रभावित हुन पुगे ।

२. बन्दाबन्दीका कारण उद्योग व्यवसायमा परेको असर अध्ययन गर्न यस बैंकले २०७७ असारमा एक अनलाइन सर्वेक्षण सम्पन्न गरी सोको प्रतिवेदन सार्वजनिक गरेको थियो । विभिन्न उद्योग/व्यवसाय सञ्चालन गर्ने साना-ठूला गरी जम्मा ६७४ उद्योग/व्यवसायहरु सर्वेक्षणमा समावेश भएका थिए ।

३. संक्रमणको दोस्रो लहरपछि कोभिड विरुद्धको खोपको उपलब्धतामा वृद्धि भएसँगै उद्योग व्यवसायको गतिविधिमा पुनः सुधार हुँदै गएको स्थिति छ । तसर्थ, पछिल्लो व्यवसायिक स्थिति अद्यावधिक गर्ने उद्देश्यले २०७७ असारको सर्वेक्षणमा समावेश मुलभुत प्रश्नावली र उत्तरदाताहरु समावेश गरी यो तेस्रो पुनरावृत्ति सर्वेक्षण सम्पन्न गरिएको छ ।

## ख. अघिल्लो सर्वेक्षणहरुको संक्षिप्त पूनरावलोकन

४. यस बैंकले २०७७ असारमा सम्पन्न गरेको सर्वेक्षणले बन्दाबन्दी अवधिमा सर्वेक्षणमा सहभागी ४ प्रतिशत उद्योग/व्यवसाय पूर्ण रुपमा सञ्चालनमा रहेको, ३५ प्रतिशत उद्योग/व्यवसाय आंशिक रुपमा सञ्चालनमा रहेको र ६१ प्रतिशत उद्योग/व्यवसायहरु पूर्णरुपमा बन्द रहेको देखाएको थियो । सो सर्वेक्षणले कोभिड महामारी अगाडि २०७६ फागुनको तुलनामा २०७७ असारमा उद्योग/व्यवसायले औसतमा करिब २९ प्रतिशत मात्र उत्पादन/कारोबार गरेको, ७७.५ प्रतिशत मात्र रोजगारी प्रदान गरेको र ६३.४ प्रतिशत मात्र तलब–ज्यालामा खर्च गरेको देखाएको थियो ।

५. यस बैंकले २०७७ मंसिरमा सम्पन्न गरेको पहिलो पुनरावृत्ति सर्वेक्षणले ५४ प्रतिशत उद्योग/व्यवसाय पूर्ण रुपमा सञ्चालनमा रहेको, ३७ प्रतिशत उद्योग/व्यवसाय आंशिक रुपमा सञ्चालनमा रहेको र ९ प्रतिशत उद्योग/व्यवसायहरु पूर्णरुपमा बन्द रहेको देखाएको थियो । सो सर्वेक्षणले २०७६ फागुनको तुलनामा २०७७ मंसिरमा उद्योग/व्यवसायले औसतमा ५०.५ प्रतिशत उत्पादन/कारोबार गरेको, ८७.५ प्रतिशत रोजगारी प्रदान गरेको र ७०.४ प्रतिशत मात्र तलब–ज्यालामा खर्च गरेको देखाएको थियो ।

६. त्यसैगरी, यस बैंकले २०७८ बैशाखमा सम्पन्न गरेको दोस्रो पुनरावृत्ति सर्वेक्षणले ८१.२ प्रतिशत उद्योग/व्यवसाय पूर्ण रुपमा सञ्चालनमा रहेको, १४.६ प्रतिशत उद्योग/व्यवसाय आंशिक रुपमा सञ्चालनमा रहेको र ४.२ प्रतिशत उद्योग/व्यवसायहरु पूर्णरुपमा बन्द रहेको देखाएको थियो । सो सर्वेक्षणले २०७६ फागुनको तुलनामा २०७८ बैशाखमा उद्योग/व्यवसायले औसतमा ६१.४ प्रतिशत उत्पादन/कारोबार गरेको, ९३.८ प्रतिशत रोजगारी प्रदान गरेको र ८८.५ प्रतिशत मात्र तलब–ज्यालामा खर्च गरेको देखाएको थियो ।

## ख. सर्वेक्षण विधि र संरचना

७. प्रस्तुत तेस्रो पुनरावृत्ति सर्वेक्षण २०७८ कात्तिक महिनाको ७ गतेदेखि १७ गतेसम्म टेलिफोन अन्तरवार्तामार्फत सम्पन्न गरिएको छ । २०७७ असारमा सहभागी ६७४ उत्तरदाताहरुमध्ये करिब ८१ प्रतिशत अर्थात् ५४६ जना उद्योगी/व्यवसायीहरुले यस सर्वेक्षणमा सहभागिता जनाएका छन् ।

८. उद्योगी/व्यवसायीहरुलाई सोधिएको प्रश्नावलीमा "कोभिड–१९ महामारीका कारण बन्दाबन्दी शुरुवात हुनुभन्दा अगाडि २०७६ फागुन महिनाको अवस्थासँग तुलना गर्न लगाइएको थियो । यो सर्वेक्षणमा सोधिएको प्रश्नावली अनुसूची १ मा राखिएको छ ।

९. यस सर्वेक्षणमा यस बैंकद्वारा २०७७ असारमा प्रकाशित "कोभिड–१९ ले अर्थतन्त्रमा पारेको प्रभाव सम्बन्धी अध्ययन प्रतिवेदन" मा उल्लेख भए अनुसारको औद्योगिक क्षेत्रहरु प्रयोग गरिएको छ । सर्वेक्षणको तथ्याङ्क विश्लेषण गर्दा राष्ट्रिय औसत निकाल्ने प्रयोजनका लागि राष्ट्रिय आर्थिक गणना, २०७५ अनुसारको उद्योग/व्यवसाय संख्यालाई भाराङ्कको रुपमा प्रयोग गरिएको छ (अनुसूची २) । तर रोजगारी र तलब-ज्याला सम्बन्धी तथ्याङ्क विश्लेषण गर्दा भने राष्ट्रिय आर्थिक गणना, २०७५ मा उल्लिखित क्षेत्रगत रोजगारी संख्यालाई भाराङ्कको रुपमा प्रयोग गरिएको छ (अनुसूची ३) ।

१०. सर्वेक्षणमा औद्योगिक वर्गीकरण अनुसार थोक तथा खुद्रा व्यापारबाट सर्वाधिक ३० प्रतिशत, उत्पादनमुलक उद्योगबाट १७ प्रतिशत र होटल तथा रेष्टुरेन्टबाट १६.३ प्रतिशत नमुना प्राप्त भएका छन् । सबैभन्दा कम विद्युत्, ग्याँस तथा पानी क्षेत्रबाट ०.४ प्रतिशत र खानी तथा उत्खनन क्षेत्रबाट १.१ प्रतिशतको सहभागिता रहेको छ । अध्ययनले समेटेका सबै औद्योगिक क्षेत्रको नमुना संख्याको प्रतिशत असारको तुलनामा लगभग समान रहेको छ (तालिका १) ।

**तालिका १: औद्योगिक वर्गीकरणअनुसार नमुना संख्या (प्रतिशत)**

| औद्योगिक वर्गीकरण | २०७७ असार | २०७७ मंसिर | २०७८ बैशाख | २०७८ कात्तिक |
|---|---|---|---|---|
| कृषि, वन तथा मत्स्यपालन | ५.६ | ५.५ | ५.० | ५.७ |
| खानी तथा उत्खनन | ०.९ | १.० | ०.९ | १.१ |
| उत्पादनमूलक उद्योग | १८.३ | १७.२ | १९.० | १७.० |
| विद्युत्, ग्याँस तथा पानी | ०.७ | ०.५ | ०.५ | ०.४ |
| निर्माण | ३.६ | ३.० | ३.२ | ३.३ |
| थोक तथा खुद्रा व्यापार | २८.२ | २९.३ | २८.१ | ३०.० |
| होटल तथा रेष्टुरेन्ट | १६.५ | १६.७ | १७.१ | १६.३ |
| यातायात तथा भण्डारण | २.५ | २.७ | २.१ | २.० |
| सञ्चार | १.६ | १.८ | १.४ | १.५ |
| रियल स्टेट, भाडा तथा व्यावसायिक क्रियाकलापहरु | १.३ | १.३ | १.१ | १.५ |
| शिक्षा | ७.० | ७.३ | ६.९ | ७.० |
| स्वास्थ्य तथा सामाजिक कार्यहरु | १.९ | २.० | २.१ | २.० |
| अन्य क्षेत्रहरु | ११.९ | ११.८ | १२.५ | १२.३ |

११. सर्वेक्षणमा उद्योग/व्यवसायको आकारको आधारमा सर्वाधिक ४३ प्रतिशत उत्तरदाता लघु उद्यम/साना खुद्रा व्यापार समूहका रहेका छन् भने सबैभन्दा थोरै ४ प्रतिशत उत्तरदाता ठूला उद्योग समूहका रहेका छन् । उद्योग/व्यवसायको आकारको आधारमा पनि नमुना संख्याको प्रतिशत असारको तुलनामा लगभग समान रहेको छ (तालिका २) ।

**तालिका २ : उद्योग/व्यवसायको आकारअनुसार नमुना संख्या (प्रतिशत)**

| उद्योग/व्यवसायको आकार | २०७७ असार | २०७७ मंसिर | २०७८ बैशाख | २०७८ कात्तिक |
|---|---|---|---|---|
| घरेलु उद्योग | २१.७ | २१.७ | २२.२ | २२.२ |
| लघु उद्यम/साना खुद्रा व्यापार | ४२.७ | ४२.७ | ४१.८ | ४३.० |
| साना (रू.१५ करोडसम्म स्थिर पूँजी भएको) | २३.३ | २३.५ | २३.३ | २२.९ |
| मझौला (रू. १५-५० करोड सम्म स्थिर पूँजी भएको) | ८.० | ८.१ | ८.९ | ७.९ |
| ठूला (रू. ५० करोड माथि स्थिर पूँजी भएको) | ४.३ | ४.० | ३.७ | ४.० |

## ग. सर्वेक्षणको नतिजा

१२. २०७७ असारको तुलनामा उद्योग/व्यवसाय सञ्चालनको अवस्थामा सुधार आएको पाइएको छ । कोभिडपूर्व २०७६ फागुनको तुलनामा २०७७ असारमा ४.१ प्रतिशत उद्योग/व्यवसायहरु मात्र पूर्ण रुपमा सञ्चालनमा रहेकोमा २०७८ कार्तिकमा बढेर ८७.२ प्रतिशत पुगेको देखिएको छ । गत बैशाखमा गरिएको सर्वेक्षणमा ४.२ प्रतिशत उद्योग/व्यवसायहरु सञ्चालन हुन नसकेकोमा यो सर्वेक्षणमा २.३ प्रतिशत उद्योग/व्यवसायहरु मात्र सञ्चालन हुन नसकेको पाइएको छ (तालिका ३) ।

**तालिका ३: औद्योगिक वर्गीकरणअनुसार कोभिड महामारी अगाडि २०७६ फागुनको तुलनामा व्यवसाय सञ्चालनको अवस्था (प्रतिशत)**

| औद्योगिक वर्गीकरण | २०७७ असार | | | २०७८ बैशाख | | | २०७८ कात्तिक© | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सञ्चालन हुन नसकेको | आंशिक सञ्चालन | पूर्ण सञ्चालन | सञ्चालन हुन नसकेको | आंशिक सञ्चालन | पूर्ण सञ्चालन | सञ्चालन हुन नसकेको | आंशिक सञ्चालन | पूर्ण सञ्चालन |
| कृषि, वन तथा मत्स्यपालन | १५.८ | ५२.६ | ३१.६ | ७.१ | ३.६ | ८९.३ | ६.५ | १६.१ | ७७.४ |
| खानी तथा उत्खनन | १६.७ | ६६.७ | १६.७ | २०.० | २०.० | ६०.० | ०.० | ०.० | १००.० |
| उत्पादनमूलक उद्योग | ३४.२ | ६०.२ | ५.७ | ४.७ | १५.० | ८०.४ | ०.० | ११.८ | ८७.१ |
| विद्युत, ग्याँस तथा पानी | ४०.० | ६०.० | ०.० | ०.० | ०.० | १००.० | ०.० | ०.० | १००.० |
| निर्माण | ५८.३ | ३७.५ | ४.२ | ०.० | १६.७ | ८३.३ | ०.० | ११.१ | ८८.९ |
| थोक तथा खुद्रा व्यापार | ५७.९ | ४०.० | २.१ | ३.२ | ८.९ | ८८.० | ३.० | ५.५ | ९१.५ |
| होटल तथा रेष्टुरेन्ट | ९१.० | ७.२ | १.८ | ८.३ | ३४.४ | ५७.३ | ०.० | २१.३ | ७८.७ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| यातायात तथा भण्डारण | ७६.५ | २३.५ | ०.० | १६.७ | ०.० | ८३.३ | ९.१ | १८.२ | ७२.७ |
| सञ्चार | २७.३ | ४५.५ | २७.३ | ०.० | ०.० | १००.० | ०.० | १२.५ | ८७.५ |
| रियल स्टेट, भाडा तथा व्यावसायिक क्रियाकलापहरु | ८८.९ | ११.१ | ०.० | ०.० | १६.७ | ८३.३ | ०.० | १२.५ | ८७.५ |
| शिक्षा | ९५.७ | ४.३ | ०.० | २.६ | १५.४ | ८२.१ | ०.० | १३.२ | ८६.८ |
| स्वास्थ्य तथा सामाजिक कार्यहरु | ७.७ | ६९.२ | २३.१ | ०.० | ८.३ | ९१.७ | ०.० | ९.१ | ९०.९ |
| अन्य क्षेत्रहरु | ७८.८ | १५.० | ६.३ | ४.३ | २४.३ | ७१.४ | ४.५ | १९.४ | ७६.१ |
| **राष्ट्रिय औसत** | **६१.०** | **३४.९** | **४.१** | **४.२** | **१४.६** | **८१.२** | **२.३** | **१०.४** | **८७.२** |

स्रोत : अनलाइन तथा टेलिफोन सर्वेक्षण, © २०७८ कात्तिक ७ गतेदेखि १७ गतेसम्म

१३. २०७७ असारको तुलनामा उद्योग/व्यवसायको आकार अनुसार सबै प्रकारका उद्योग/व्यवसायको सञ्चालन अवस्थामा सुधार आएको देखिन्छ (तालिका ४) । ठूला उद्योग/व्यवसायहरु पूर्ण रुपमा संचालनमा आएका छन् ।

**तालिका ४: उद्योग/व्यवसायको आकार अनुसार कोभिड महामारी अगाडि २०७६ फागुनको तुलनामा व्यवसाय सञ्चालनको अवस्था (प्रतिशत)**

| उद्योग/व्यवसायको आकार | २०७७ असार | | | २०७८ बैशाख | | | २०७८ कात्तिक© | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सञ्चालन हुन नसकेको | आंशिक सञ्चालन | पूर्ण सञ्चालन | सञ्चालन हुन नसकेको | आंशिक सञ्चालन | पूर्ण सञ्चालन | सञ्चालन हुन नसकेको | आंशिक सञ्चालन | पूर्ण सञ्चालन |
| घरेलु उद्योग | ६३.७ | ३३.६ | २.७ | ५.६ | २०.० | ७४.४ | २.५ | ९.१ | ८८.४ |
| लघु उद्यम/साना खुद्रा व्यापार | ६१.८ | ३२.३ | ५.९ | ६.८ | १४.० | ७९.२ | २.६ | ११.५ | ८६.० |
| साना (रू.१५ करोडसम्म स्थिर पूँजी भएको) | ६३.७ | २८.७ | ७.६ | ०.८ | १७.६ | ८१.७ | ०.८ | १८.४ | ८०.८ |
| मझौला (रू. १५-५० करोड सम्म स्थिर पूँजी भएको) | ४४.४ | ५०.० | ५.६ | ६.० | २०.० | ७४.० | २.३ | १६.३ | ८१.४ |
| ठूला (रू. ५० करोड माथि स्थिर पूँजी भएको) | ४८.३ | ४४.८ | ६.९ | ०.० | ९.५ | ९०.५ | ०.० | ९.१ | ९०.९ |
| **राष्ट्रिय औसत** | **६१.०** | **३४.९** | **४.१** | **४.२** | **१४.६** | **८१.२** | **२.३** | **१०.४** | **८७.२** |

स्रोत : अनलाइन तथा टेलिफोन सर्वेक्षण, © २०७८ कात्तिक ७ गतेदेखि १७ गतेसम्म

१४.२०७७ असारको तुलनामा उद्योग/व्यवसायहरुको उत्पादन/कारोबारको अवस्थामा सुधार आएको छ । कोभिड महामारी अगाडि २०७६ फागुनको तुलनामा २०७७ असारमा औसतमा करिब २९ प्रतिशत मात्र उत्पादन/कारोबार रहेकोमा २०७८ कात्तिकमा आइपुग्दा यस्तो उत्पादन बढेर औसतमा ७४.७ प्रतिशत पुगेको छ । २०७७ असारको तुलनामा अध्ययनले समेटेका सबै क्षेत्रहरुको उत्पादन/कारोबार बढेको पाइएको छ (तालिका ५) । तर, होटल तथा रेष्टुलेन्ट क्षेत्रको सुधार तुलनात्मक रुपमा कम रहेको छ ।

**तालिका ५: औद्योगिक वर्गीकरण अनुसार कोभिड महामारी अगाडि २०७६ फागुनको तुलनामा उत्पादन/कारोबारको अवस्था (प्रतिशत)**

| औद्योगिक वर्गीकरण | २०७७ असार | २०७७ मंसिर | २०७८ बैशाख | २०७८ कात्तिक© |
|---|---|---|---|---|
| कृषि, वन तथा मत्स्यपालन | ५८.१ | ७२.० | ७६.० | ७९.३ |
| खानी तथा उत्खनन | ४०.० | ५२.५ | ६०.० | ९३.३ |
| उत्पादनमूलक उद्योग | ४१.२ | ६१.९ | ७१.२ | ७६.२ |
| विद्युत्, ग्याँस तथा पानी | ६४.० | ९२.५ | ५८.३ | ९२.५ |
| निर्माण | ३९.६ | ५४.८ | ७०.६ | ७६.९ |
| थोक तथा खुद्रा व्यापार | ३१.५ | ५७.२ | ६४.४ | ७८.५ |
| होटल तथा रेष्टुरेन्ट | ७.१ | १८.१ | ४०.८ | ५७.२ |
| यातायात तथा भण्डारण | १५.७ | ५५.० | ६७.५ | ६९.५ |
| सञ्चार | ३३.२ | ४२.३ | ५८.८ | ७२.५ |
| रियल स्टेट, भाडा तथा व्यावसायिक क्रियाकलापहरु | १२.२ | ४६.४ | ६४.२ | ७८.१ |
| शिक्षा | १८.३ | ३७.६ | ६५.१ | ८१.१ |
| स्वास्थ्य तथा सामाजिक कार्यहरु | ४०.८ | ५२.० | ७६.७ | ८९.५ |
| अन्य क्षेत्रहरु | २१.८ | ४४.२ | ५२.२ | ६८.७ |
| **राष्ट्रिय औसत** | **२८.८** | **५०.५** | **६१.४** | **७४.७** |

स्रोत : अनलाइन तथा टेलिफोन सर्वेक्षण, © २०७८ कात्तिक ७ गतेदेखि १७ गतेसम्म

१५. गत असारको तुलनामा उद्योग/व्यवसायको आकार अनुसार पनि सबै प्रकारका उद्योग/व्यवसायको उत्पादन/कारोबार बढेको पाइएको छ । तर, कोभिड महामारी आउनु अगाडिको अवस्था भने अझै उत्पादन/कारोबार पुगिसकेको देखिदैन (तालिका ६) ।

**तालिका ६: उद्योग/व्यवसायको आकार अनुसार कोभिड महामारी अगाडि २०७६ फागुनको तुलनामा उत्पादन/कारोबारको अवस्था (प्रतिशत)**

| उद्योग/व्यवसायको आकार | २०७७ असार | २०७७ मंसिर | २०७८ बैशाख | २०७८ कात्तिक© |
|---|---|---|---|---|
| घरेलु उद्योग | २९.४ | ४६.८ | ५९.७ | ७१.८ |
| लघु उद्यम/साना खुद्रा व्यापार | २६.९ | ५१.८ | ६१.४ | ७९.१ |
| साना (रू.१५ करोडसम्म स्थिर पूँजी भएको) | २६.८ | ४७.५ | ५९.६ | ७३.८ |
| मझौला (रू. १५-५० करोड सम्म स्थिर पूँजी भएको) | ३६.६ | ४९.४ | ६४.५ | ७२.५ |
| ठूला (रू. ५० करोड माथि स्थिर पूँजी भएको) | ४१.३ | ५०.६ | ७२.९ | ७९.१ |
| **राष्ट्रिय औसत** | **२८.८** | **५०.५** | **६१.४** | **७४.७** |

स्रोत : अनलाइन तथा टेलिफोन सर्वेक्षण, © २०७८ कात्तिक ७ गतेदेखि १७ गतेसम्म

१६. २०७७ असारको तुलनामा उद्योग/व्यवसायहरुले प्रदान गर्ने रोजगारीको अवस्थामा सुधार भइ कोभिड पूर्वको अवस्था नजिक पुगेको पाइएको छ । कोभिड महामारी अगाडि २०७६ फागुनको तुलनामा २०७७ असारमा ७७.५ प्रतिशत मात्र रोजगारी प्रदान गरेका उद्योग/व्यवसायहरुले २०७८ कात्तिकमा आइपुग्दा ९७.२ प्रतिशतको हाराहारीमा रोजगारी प्रदान गरेको पाइएको छ (तालिका ७) ।

**तालिका ७: उद्योग/व्यवसायको आकारअनुसार कोभिड महामारी अगाडि २०७६ फागुनको तुलनामा रोजगारीको अवस्था (प्रतिशत)**

| उद्योग/व्यवसायको आकार | २०७७ असार | २०७७ मंसिर | २०७८ बैशाख | २०७८ कात्तिक© |
|---|---|---|---|---|
| घरेलु उद्योग | ६९.५ | ८६.६ | ९४.३ | ९८.० |
| लघु उद्यम/साना खुद्रा व्यापार | ७२.२ | ९५.८ | ९६.१ | ९९.८ |
| साना (रू.१५ करोडसम्म स्थिर पूँजी भएको) | ७९.० | ८५.१ | ९०.९ | ९४.२ |
| मझौला (रू. १५-५० करोड सम्म स्थिर पूँजी भएको) | ८३.१ | ७१.५ | ७२.५ | ८९.४ |
| ठूला (रू. ५० करोड माथि स्थिर पूँजी भएको) | ८६.० | ८६.७ | ७९.७ | ८६.४ |
| **राष्ट्रिय औसत** | **७७.५** | **८७.५** | **९३.८** | **९७.२** |

स्रोत : अनलाइन तथा टेलिफोन सर्वेक्षण, © २०७८ कात्तिक ७ गतेदेखि १७ गतेसम्म

१७. उद्योग/व्यवसायहरुले प्रदान गर्ने रोजगारीको स्थितिमा सुधार आएसँगै उद्योग/व्यवसायहरुको औसत तलब–ज्याला खर्चमा समेत वृद्धि भएको पाइएको छ । कोभिड महामारी अगाडि २०७६ फागुनको तुलनामा २०७७ असारमा ६३.४ प्रतिशत रहेको यस्तो खर्च २०७८ कात्तिकमा आइपुग्दा ९६.१ प्रतिशत पुगेको देखिएको छ । खानी तथा उत्खनन र विद्युत्, ग्याँस तथा पानी लगायत क्षेत्रका उद्योग/व्यवसायहरुको औसत तलब–ज्याला खर्च कोभिड महामारी अगाडिकै अवस्थामा पुगेको पाइएको छ (तालिका ८) ।

**तालिका ८: औद्योगिक वर्गीकरणअनुसार कोभिड महामारी अगाडि २०७६ फागुनको तुलनामा औसत तलब–ज्याला खर्च (प्रतिशत)**

| औद्योगिक वर्गीकरण | २०७७ असार | २०७७ मंसिर | २०७८ बैशाख | २०७८ कात्तिक© |
|---|---|---|---|---|
| कृषि, वन तथा मत्स्यपालन | ७१.४ | ७८.८ | ९७.१ | ९९.२ |
| खानी तथा उत्खनन | ८३.३ | ८१.३ | १०१.३ | १००.० |
| उत्पादनमूलक उद्योग | ६८.५ | ८३.८ | ९१.६ | ९६.८ |
| विद्युत्, ग्याँस तथा पानी | ४७.९ | ९२.५ | १००.० | १००.० |
| निर्माण | ६७.९ | ८१.३ | ८१.२ | ९८.३ |
| थोक तथा खुद्रा व्यापार | ६३.५ | ७१.८ | ८६.९ | ९८.४ |
| होटल तथा रेष्टुरेन्ट | ३८.१ | ५६.४ | ८०.३ | ८९.८ |
| यातायात तथा भण्डारण | ५६.० | ८०.० | ९५.० | १००.० |
| सञ्चार | ६९.६ | ५९.१ | १००.० | ८७.५ |

| | | | | |
|---|---|---|---|---|
| रियल स्टेट, भाडा तथा व्यावसायिक क्रियाकलापहरु | ६५.९ | ७८.१ | ६७.० | १००.० |
| शिक्षा | ७४.५ | ५४.० | ९१.१ | ९६.६ |
| स्वास्थ्य तथा सामाजिक कार्यहरु | ८०.४ | ८१.७ | ९७.० | १००.० |
| अन्य क्षेत्रहरु | ६०.१ | ६८.९ | ८२.२ | ९०.३ |
| **राष्ट्रिय औसत** | **६३.४** | **७०.४** | **८८.५** | **९६.१** |

स्रोत : अनलाइन तथा टेलिफोन सर्वेक्षण, © २०७८ कात्तिक ७ गतेदेखि १७ गतेसम्म

१८. २०७७ असारको तुलनामा उद्योग/व्यवसायको आकारअनुसार सबै प्रकारका उद्योग/व्यवसायको औसत तलब–ज्याला खर्चमा उल्लेख्य मात्रामा वृद्धि भएको पाइएको छ (तालिका ९)।

**तालिका ९: उद्योग/व्यवसायको आकारअनुसार कोभिड महामारी अगाडि २०७६ फागुनको तुलनामा औसत तलब–ज्याला खर्च (प्रतिशत)**

| उद्योग/व्यवसायको आकार | २०७७ असार | २०७७ मंसिर | २०७८ बैशाख | २०७८ कात्तिक© |
|---|---|---|---|---|
| घरेलु उद्योग | ५७.२ | ६७.५ | ८३.४ | ९४.४ |
| लघु उद्यम/साना खुद्रा व्यापार | ५८.२ | ६७.५ | ८६.५ | ९४.९ |
| साना (रू.१५ करोडसम्म स्थिर पूँजी भएको) | ६४.७ | ७५.२ | ८९.० | ९५.९ |
| मझौला (रू. १५-५० करोड सम्म स्थिर पूँजी भएको) | ७१.८ | ७९.७ | ९१.८ | ९६.८ |
| ठूला (रू. ५० करोड माथि स्थिर पूँजी भएको) | ६६.६ | ८३.८ | ९५.३ | १०१.८ |
| **राष्ट्रिय औसत** | **६३.४** | **७०.४** | **८८.५** | **९६.१** |

स्रोत : अनलाइन तथा टेलिफोन सर्वेक्षण, © २०७८ कात्तिक ७ गतेदेखि १७ गतेसम्म

१९. सर्वेक्षणमा सहभागी उद्योग/व्यवसायहरुले बजार माग नबढ्नाले कारोबारमा ह्रास आएको, कर्जाको ब्याजदर उच्च र अस्थिर भएको, उत्पादन लागत बढेकोले कठिनाइ भएको जस्ता समस्याहरुलाई प्राथमिकतामा राखेका छन् (तालिका १०)।

**तालिका १०: उद्योग/व्यवसायहरुले भोगेका समस्याहरु**

| समस्या | प्राथमिकता |
|---|---|
| बजार माग नबढ्नाले कारोबारमा ह्रास आएको | पहिलो |
| कर्जाको ब्याजदर उच्च र अस्थिर भएको | दोस्रो |
| उत्पादन लागत बढेकोले कठिनाइ भएको | तेस्रो |
| पुनरकर्जा तथा सहुलियत कर्जा प्राप्त नभएको | चौथो |
| थप पुँजी प्राप्तिमा कठिनाइ भएको | पाँचौ |

स्रोत : टेलिफोन सर्वेक्षण

२०. सञ्चालनमा आउन नसकेका अधिकांश उद्योगी/व्यवसायीहरुले कोभिड-१९ का कारण बजार माग घटेको, चालु खर्च धान्न समस्या रहेको र श्रमिकसँग सम्बन्धित समस्याको कारण उद्योग/व्यवसाय सञ्चालनमा ल्याउन नसकेको बताएका छन् । उद्योग/व्यवसाय सञ्चालनमा ल्याउन नसकेकामध्ये केहीले उद्योग/व्यवसाय बिक्री गरेको बताएका छन् भने केहीले निकट भविष्यमा पुनः सञ्चालनमा ल्याउने तयारीमा रहेको बताएका छन् ।

## घ. निष्कर्ष

२१. सर्वेक्षण नतिजाअनुसार २०७७ असार तथा अन्य अघिल्ला सर्वेक्षणहरुको तुलनामा २०७८ कात्तिकमा उद्योग/व्यवसाय सञ्चालनमा क्रमिक रुपमा सुधार आएको देखिएको छ । अझैपनि कोभिड-१९ पूर्व २०७६ फागुनको अवस्थामा पुग्न नसकेको भएतापनि २०७७ असार तथा अन्य अघिल्ला सर्वेक्षणहरुको तुलनामा उद्योग/व्यवसायहरुको उत्पादन एवम् कारोबारको अवस्था तथा रोजगारीको अवस्थामा उल्लेख्य सुधार आएको देखिन्छ ।

२२. कोभिड-१९ महामारीको दोस्रो लहरपश्चात् उक्त संक्रमणविरुद्धको खोपको उपलब्धताले गर्दा अर्थतन्त्र चलायमान भइ पूनरुत्थानउन्मुख रहेको छ । यस परिप्रेक्ष्यमा उद्योग/व्यवसायहरुको उत्पादन एवम् कारोबारको अवस्थामा सुधार आइ अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ ।

# अनुसूचीहरु

# अनुसूची १: तेस्रो पुनरावृत्ति सर्वेक्षणको प्रश्नावली

नेपाल राष्ट्र बैंक
आर्थिक अनुसन्धान विभाग

कोभिड–१९ ले अर्थतन्त्रमा पारेको प्रभाव सम्बन्धी सर्वेक्षणका सहभागीहरुसँग

## Third Follow Up सर्वेक्षण

### कात्तिक २०७८

| | |
|---|---|
| सकेंत नं | |
| उद्योग/व्यवसायको नाम | |
| उद्योग/व्यवसाय रहेको जिल्ला | |
| उद्योग/व्यवसाय धनिको नाम | |
| उत्तरदाताको नाम | |
| सम्पर्क मोबाइल नं | |

१. हालको सञ्चालन अवस्था :

☐ सञ्चालनमा नरहेको (प्र.नं ६ र ७ मा जानुहोस्) [1]

☐ आशिंक रुपमा सञ्चालनमा रहेको (प्र.नं ५ सम्म मात्र जानुहोस्) [2]

☐ पूर्णरुपमा सञ्चालनमा रहेको (प्र.नं ५ सम्म मात्र जानुहोस्) [3]

२. हालको उत्पादन अवस्था (कोभिड अगाडिको तुलनामा प्रतिशतमा लेख्नुहोस्) : [ ] प्रतिशत

३. हालको कर्मचारी संख्या : [ ] जना

४. हालको तलब/ज्याला खर्च (कोभिड अगाडिको तुलनामा प्रतिशतमा लेख्नुहोस् ) : [ ] प्रतिशत

५. हालका समस्याहरु बताउनुहोस् :

६. सञ्चालनमा नरहनुको कारण बताउनुहोस् :

७. उद्योग/व्यवसाय पुन सञ्चालनमा ल्याउन के गर्नुपर्ला ?

धन्यवाद !!!

| | |
|---|---|
| अन्तर्वाताकारको नाम | |

**अनुसूची २ : औद्योगिक वर्गीकरणअनुसार उद्योग/व्यवसायको संख्या आधारमा भाराङ्क बाँडफाँड**

| क.सं. | औद्योगिक वगीकरण | NSIC वर्गीकरण | भाराङ्क | अध्ययनमा प्रयोग भएको भाराङ्क |
|---|---|---|---|---|
| १ | कृषि, वन तथा मत्स्यपालन | A | ०.०२६२ | ०.०२६७ |
| २ | खानी तथा उत्खनन | B | ०.०००७ | ०.०००७ |
| ३ | उत्पादनमुलक उद्योग | C | ०.११२७ | ०.११४९ |
| ४ | विद्युत्, ग्याँस तथा पानी | D, E | ०.००४० | ०.००४१ |
| ५ | निर्माण | F | ०.००१७ | ०.००१७ |
| ६ | थोक तथा खुद्रा व्यापार | G | ०.५३९४ | ०.५५०१ |
| ७ | होटल तथा रेष्टुरेन्ट | I | ०.१४१४ | ०.१४४२ |
| ८ | यातायात तथा भण्डारण | H | ०.००३४ | ०.००३५ |
| ९ | सञ्चार | J | ०.००३० | ०.००३१ |
| १० | रियल स्टेट, भाडा तथा व्यावसायिक क्रियाकलापहरु | L | ०.०००२ | ०.०००२ |
| ११ | शिक्षा | P | ०.०४४२ | ०.०४५१ |
| १२ | स्वास्थ्य तथा सामाजिक कार्यहरु | Q | ०.०२१६ | ०.०२२० |
| १३ | अन्य क्षेत्रहरु© | M, N, R & S | ०.०८२० | ०.०८३६ |
| | **जम्मा** | | ०.९८०५ | १.०००० |

स्रोत : राष्ट्रिय आर्थिक गणना २०७५, केन्द्रीय तथ्याङ्क विभाग

नोट : राष्ट्रिय आर्थिक गणना २०७५ मा भएकामध्ये वित्तीय तथा बिमासम्बन्धी क्रियाकलापहरु समावेश नगरिएको ।

© पेशागत, वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरु; प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरु; कला, मनोरञ्जन तथा मनोविनोद; र अन्य सेवा प्रदान गर्ने क्रियाकलापहरु समावेश गरिएको ।

## अनुसूची ३ : औद्योगिक वर्गीकरणअनुसार रोजगार संख्याको आधारमा भाराङ्क बाँडफाँड

| क्र.सं. | औद्योगिक वगीकरण | NSIC वर्गीकरण | भाराङ्क | अध्ययनमा प्रयोग भएको भाराङ्क |
|---|---|---|---|---|
| १ | कृषि, वन तथा मत्स्यपालन | A | ०.०३३० | ०.०३५३ |
| २ | खानी तथा उत्खनन | B | ०.००२४ | ०.००२६ |
| ३ | उत्पादनमूलक उद्योग | C | ०.१५८१ | ०.१६८९ |
| ४ | विद्युत्, ग्याँस तथा पानी | D, E | ०.०१०९ | ०.०११६ |
| ५ | निर्माण | F | ०.००४६ | ०.००४९ |
| ६ | थोक तथा खुद्रा व्यापार | G | ०.३०६१ | ०.३२७१ |
| ७ | होटल तथा रेष्टुरेन्ट | I | ०.१०७३ | ०.११४७ |
| ८ | यातायात तथा भण्डारण | H | ०.००६२ | ०.००६६ |
| ९ | सञ्चार | J | ०.०१२३ | ०.०१३१ |
| १० | रियल स्टेट, भाडा तथा व्यावसायिक क्रियाकलापहरु | L | ०.०००६ | ०.०००६ |
| ११ | शिक्षा | P | ०.१५९० | ०.१६९९ |
| १२ | स्वास्थ्य तथा सामाजिक कार्यहरु | Q | ०.०५१० | ०.०५४५ |
| १३ | अन्य क्षेत्रहरु | M, N, R & S | ०.०८४३ | ०.०९०१ |
| | **जम्मा** | | ०.९३५८ | १.०००० |

स्रोत : राष्ट्रिय आर्थिक गणना २०७५, केन्द्रीय तथ्याङ्क विभाग

नोट : राष्ट्रिय आर्थिक गणना २०७५ मा भएकामध्ये वित्तीय तथा बिमासम्बन्धी क्रियाकलापहरु समावेश नगरिएको ।

© पेशागत, वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरु; प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरु; कला, मनोरञ्जन तथा मनोविनोद; र अन्य सेवा प्रदान गर्ने क्रियाकलापहरु समावेश गरिएको ।